# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चक्रघटी, सुनसरी
प्रदेश नं.१, नेपाल

## शिलबन्दी बोलपत्र आह्वानको सूचना ।
प्रथम पटक प्रकाशित मिति :२०७७/०७/२६

चालू आर्थिक वर्ष २०७७।०७८ का लागि बराहक्षेत्र नगरपालिका सुनसरीले स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम लगाउन पाउने आन्तरिक श्रोतका कर दस्तूर तथा बिक्री मूल्य दस्तूर बाँकी अवधिका लागि ठेक्का बन्दोवस्तको माध्यमद्वारा संकलन गर्नु पर्ने भएको हुदा ईच्छुक व्यक्ति, फर्म वा कम्पनी बाट यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिन १२.०० बजे भित्र अनलाईन माध्यमबाट तपसिल बमोजिमको शर्त र बन्देजको अधिनमा रही बोलपत्र फारम दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

बोलपत्र फारमको विवरण :

| ठे.न. | खोलाहरूको नाम | बोलपत्र फारमको विवरण | न्यूनतम ठेक अंक (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तूर पछि फिर्ता नहुने गरी |
|---|---|---|---|---|
| BKM/NCB/19/2077/78 | सर्दु, बराहक्षेत्र न. पा. ५, सुनसरी | ढुङ्गा, गिट्टी, वालुवा, मिक्स गिट्टी, भरौट विक्री (स्वीकृत IEE प्रतिवेदनमा तोकिए अनुसार खोलाको नाकाहरू ) | १,००,९३,६८८।०० | ३,०००।०० |
| BKM/NCB/20/2077/78 | पटनाली बराहक्षेत्र न. पा. २, सुनसरी | ढुङ्गा, गिट्टी, वालुवा, मिक्स गिट्टी, भरौट विक्री (स्वीकृत IEE प्रतिवेदनमा तोकिए अनुसार खोलाको नाकाहरू ) | ६३,५५,८००।०० | ३,०००।०० |
| BKM/NCB/21/2077/78 | बाघखोला बराहक्षेत्र न. पा. १, सुनसरी | ढुङ्गा, गिट्टी, वालुवा, मिक्स गिट्टी, भरौट विक्री (स्वीकृत IEE प्रतिवेदनमा तोकिए अनुसार खोलाको नाकाहरू ) | ५८,६८,०९८।०० | ३,०००।०० |

**शर्त तथा बन्देजहरू** :

१. शिलबन्दी बोलपत्र फारम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपि, फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त मू.अ.कर दर्ताको प्रतिलिपि र आ.व. ०७६।७७ को आयकर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ । धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५(पांच) प्रतिशत र विदेशी नागरिक भए १०(दश) प्रतिशत रकम यस कार्यालयको नाममा मेगा बैंक, चक्रघटी शाखामा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा नगद धरौटी रकम जम्मा गरी सोको दोश्रो प्रति सक्कलै भौचर वा मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाद्वारा यस नगर कार्यपालिका कार्यालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिन बाट कम्तिमा १२० दिनसम्म म्याद रहने सोही रकम बमोजिमको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फाराम बापतको रकम यस कार्यालयको नाममा मेगा बैंक, चक्रघटी शाखामा रहेको संचित कोष खाता नं.०२२००१०११७३६८ मा नगद जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

३. यो बोलपत्र फारम बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्र फारम कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

४. ठेक्का रकम लाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत, दोश्रो किस्ता ३० प्रतिशत, तेश्रो तथा अन्तिम किस्ता २० प्रतिशत गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोश्रो किस्ता २०७७ फाल्गुण मसान्तभित्र र तेश्रो तथा अन्तिम किस्ता वरावरको रकम २०७८ जेष्ठ १५ गतेभित्र वुझाउनू पर्नेछ । दोश्रो र तेश्रो किस्ता बराबरको रकमको हकमा २०७८ असाढ मसान्तसम्म अवधि रहेको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । एकमूष्ट

रकम वुझाउन चाहनेले मूल्य अभिबृद्धि करको रकम सहित एकमुष्ठ रकम बुझाउदा कवोल अंकमा मू.अ.करको रकम कटाई बाकी रकममा १० प्रतिशतले हुन आउने रकम छूट दिइनेछ ।

५. स्वीकृत बोलपत्र दाताले आफूले बुझाउनु पर्ने रकमका लागि पहिलो किस्ता नगदै बुझाई दोश्रो र तेश्रो किस्ताको रकम बांकी राखेमा सो रकम बराबरको २०७८ साल असाढ मसान्तसम्म कायम रहने नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाको जमानत, सम्झौता गर्दाको बखतमा नै पेश गर्नु पर्नेछ ।

६. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ। उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारबाही अगाडि बढाईने छ ।

७. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिएको कर उठाउंदा प्रयोग गर्ने रसिदहरू ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरू यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिनेछ । साथै रसिदको नमूना नगरपालिकाबाट उपलब्ध गराइने छ ।

८. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

९. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन तथा राखेको पाइएमा नियमानुसार कारबाही गरिनेछ ।

१०. धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमूष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन ।

११. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आय कर मू.अ.कर लगायतका कर दस्तूर आदि सम्पूर्ण बुझाउने जिम्मेवारी सम्बन्धित ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१२. यस कार्यालय वा नेपाल सरकारको हित विपरीत हुने कुनै काम गरेमा जुनसुकै बखतपनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिने छ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१३. सम्बन्धित कर संकलनका लागि नगरपालिका द्वारा तोकिएको स्थानहरू बोहक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइने छैन ।

१४. कर संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बीच आपसी छलफल द्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१५. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरूको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१६. नगरपालिकाको कार्यालयको सिफारीस बढीमा १०००(एकहजार) ट्रक, ट्रिपर ढुङ्गा, गिट्टी, वालुवा, मिक्स गिट्टी भरौट आदि सम्बन्धित ठेकेदारले उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराएको सामग्रीको हुने रकम ठेकेदारले मिनाहाको लागि दाबी गर्न पाउने छैन ।

१७. बन्द हड्ताल तथा अन्य मानव सिर्जित कारणहरूबाट सिर्जना हुने अवरोधका कारण कर छूट वा मिनाहा दिइने छैन ।

१८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१९. ढुङ्गा, गिट्टी, वालुवा आदि जस्ता पदार्थहरू नदीबाट उत्खनन गर्दा प्रचलित ऐन, कानून, अनुगमन समितिको निर्देशनका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकूल असर नहुने गरी नदीको channelling गरेर मात्र उत्खनन गर्ने ।

२०. यस ठेक्काको लागि सम्झौता अवधि २०७८ जेष्ठ मसान्तसम्म मात्र कर संकलन गर्न पाउने गरी समयावधि कायम गरिएको छ ।

२१. यस ठेक्काको न्युनतम ठेक अंक स्वीकृत IEE प्रतिवेदन ले निर्धारण गरिएको परिणामको आधारमा २०७८ जेष्ठ मसान्त सम्मका लागि हुने गरि कायम गरिएको जानकारी गराईन्छ ।

२२. उक्त बोलपत्र फारम वापत कबोल गरेको अंक वापतको रकम यस कार्यालयलाई बुझाउंदा चेकबाट कारोवार गर्न पाइने छैन ।

२३. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले मू.अ.कर समेत कार्यालयमा बुझाउनु पर्नेछ ।

२४. गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन ।

२५. यो सूचना कार्यालयको वेवसाईड www.barahamun.gov.np मा पनि राखिएको छ ।

२६. यो सूचनाको बारेमा थप केही बुझ्नु परेमा अरूण कुमार मेहेता फोन नं. ९८४२०५५१०६ वा ९८२४३३७६०२ मा सम्पर्क गर्न सकीनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**